# मलाई खोज

- डा. गोमा देवी शर्मा (अधिकारी) मणिपुर



तिमी राम बनेर
ममा सीता खोज
रावणको अहंकारमा
लंका दहनको
करूण कथा हुन्छ।

तिमी सत्यवान बनेर
ममा सावित्री खोज
शीलहीनतामा कालसंग
लडाई असंभव हुन्छ।

तिमी मदन बनेर
ममा मुना खोज
धनका पोकामा
प्रेम कलंकित हुन्छ।

तिमी रांझा बनेर
ममा हीर खोज
स्वार्थमा ज्योत्स्ना झैं माया
लाश सरह हुन्छ।

अभिमानको छानो मुनि
कुल्चिएको सम्मान मुनि
धनका गगनचुम्बी महलभित्र
न खोज्नु तिमीले
कहिल्यै मलाई।

घमैलो हृदय खोली
शरद हांसेको पवित्र भावमा
उमंगका झरनाको
कलकल ध्वनिले
खोज मलाई
हिमालका अग्ला टाकुराहरूमा
गंगाको पवित्र धारामा
समुद्रको अथाह गहिराईमा
बरू खोज
प्रचण्ड आंधीको घेरोमा
आकाशको खुला विस्तारमा
प्रकृतिको स्वच्छ सुन्दरतामा
त्यहां पाउन सक्छौ मलाई।